# वालिङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## वालिङ, स्याङजा
## २०७३

पत्र सख्या:- २०७७/०७८ | गण्डकी प्रदेश, नेपाल

चलानी नः- ३६३ | मितिः २०७७।५।३

**विषयः**–कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका सम्बन्धमा वालिङ नगरपालिकाको अत्यन्त जरुरी सूचना ।

कोभिड १९ को संक्रमण समुदाय स्तरमा समेत पुगीसकेको अवस्था र चार्डपर्व नजिकीदै जादा मिति २०७७।५।२ गतेको जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्रको निर्णयानुसार मिति २०७५।४ गते सम्म निषेधाज्ञा कायम भएकोमा पून ७ दिन थप गरी मिति २०७७।५।११ गते सम्म निषेधाज्ञा कायम भएकोले मिति २०७७।५।२ गतेदेखी २०७७।५।९ गते सम्म तपसिल बमोजिम हुने व्यहोरा मिति २०७७।५।३ गतेको नगर प्रमुख स्तरीय निर्णयानुसार सम्बन्धीत सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

१) वालिङ नगरपालिका र अर्न्तगतका स्वास्थ्य, विपद् व्यवस्थापन, कोभिड सम्बन्धी कार्यमा संलग्न र दैनिक सरसफाई तथा दमकल/बारुण यन्त्रका कर्मचारीहरु र सवारी चालकहरु बाहेक अन्य कर्मचारीहरु घरमा सुरक्षीत रहन र अत्यावश्यक काम परेमा कार्यालयमा उपस्थित हुने गरी तयारी अवस्थामा रहने ।

२) बन्दाबन्दी जारीनै रहेको अवस्थामा चार्डपर्वहरुमा नगरवासी नागरीकहरु जो जहा हुनु हुन्छ त्यहीनै रहने । चार्डपर्व तथा परम्पराको निहुमा भोजभतेर भेला तथा आवतजावत नगर्ने, नगराउने ।

३) बैक तथा वित्तिय संस्थाहरुबाट प्रवाह गरिदै आएका ATM बाहेकका सम्पूर्ण सेवाहरु मिति २०७७।५।३ गते देखी २०७७।५।९ गते सम्मका लागी बन्द गर्ने ।

४) अत्यावश्यक बाहेकका वस्तु तथा सेवाहरुको संचालन मिति २०७७।५।३ गते देखी २०७७।५।९ गते सम्मका लागी बन्द गर्ने र अत्यावश्यक वस्तु तथा सेवाहरु विहान ७:००–९:०० वजे सम्म र साझ ५:००–७:०० वजे सम्म मात्र संचालन गर्ने ।

५) अति जरुरी काम परी घर वाहिर निस्कनु परेमा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने र भौतीक/सामाजीक दुरी कायम राख्ने ।

६) उक्त आदेशको अवज्ञा गर्ने गराउने लाई संक्रामक रोग ऐन २०२० र अन्य प्रचलीत कानून बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

७) यस सूचनाको बारेमा थप स्पष्ट हुनु परेमा वालिङ नगरपालिकामा सम्पर्क नम्बर ९८४६०६२२११ मा फोन सम्पर्क गर्नु हुनु अनुरोध छ ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत